Client Protection Certified
the smart campaign
Awarded April 2021

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१




**युनिक नेपाल**
लघुवित्त वित्तीय संस्था लि.

**Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.**

केन्द्रीय कार्यालय : कोहलपुर, बाँके

www.uniquenepalmicrofinance.com.np

## युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र जिल्ला




शाखा कार्यालय रहेको जिल्ला

शाखा विस्तार गर्ने योजना रहेका जिल्ला

## सञ्चालक समिति



श्री शिव बहादुर चौधरी
अध्यक्ष



श्री सन्त राम (धरकट्वा) थारु
संस्थापक सञ्चालक सदस्य



श्री पुरन प्रसाद चौधरी
संस्थापक सञ्चालक सदस्य



श्री जगत राम थारु (चौधरी)
संस्थापक सञ्चालक सदस्य



श्री बालिका चौधरी
पब्लिक सञ्चालक सदस्य



श्री जागेश्वर प्रसाद चौधरी
पब्लिक सञ्चालक सदस्य



डा. गोपाल दहित
कार्यकारी निर्देशक

# विषय सूची


१. छैठौं वार्षिक साधारण सभाको सूचना ....................................................... १
२. प्रतिनिधि नियुक्ति गर्ने निवेदन ....................................................... ४
३. अध्यक्षको स्वागत मन्तव्य ....................................................... ५
४. कार्यकारी निर्देशकको भनाई ....................................................... ६
५. सञ्चालक समितिको प्रतिवेदन ....................................................... ९
६. कम्पनी ऐन, २०६३ को दफा ५१ बमोजिमको विवरण ....................................................... १८
७. कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण ....................................................... २०
८. कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप विवरण ....................................................... २३
९. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ (२) अनुसूची १५ सँग सम्बन्धित ..... २५
१०. संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन, २०८१ ....................................................... २७
११. लेखा परीक्षण प्रतिवेदन, २०८०/०८१ ....................................................... ३७
१२. वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु ....................................................... ४९
१३. नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त पत्र ....................................................... ११०
१४. सुसम्पन्न भएका मुख्य क्रियाकलाप र उपलब्धीहरु ....................................................... १११
१५. सेवाग्राही सदस्यहरुकोलागि सीप विकास तालिमः ....................................................... ११५
१६. कर्मचारीहरुको क्षमता विकास ....................................................... ११६
१७. वित्तीय संस्थाको परिचय ....................................................... १२०
१८. कार्य प्रगतिको तुलनात्मक विवरण ....................................................... १२१
१९. व्यवस्थापन टोली र शाखा कार्यालयहरु ....................................................... १२३
२०. विभिन्न फोटोहरु ....................................................... १२५
२१. पत्र पत्रिकामा प्रकाशित सामग्रीहरु ....................................................... १३४



**युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय, कोहलपुर न.पा. ११, बाँके
फोन नं. ०८१ ५४०२१३, टोल फ्रि नं. १६६०८१५४०८१

# १. छैठौं वार्षिक साधारण सभाको सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको २०८१ साल मंसिर १५ गते बसेको सञ्चालक समितिको ९६ औं बैठकबाट छैठौं वार्षिक साधारण सभा तपसिलको मिति र स्थानमा गर्ने निर्णय भएकोले सबै शेयरधनीहरुलाई उपस्थितिकालागि हार्दिक अनुरोध छ । पत्र र इमेल मार्फत छलफलको विषय पठाई सकिएको छ । यदि समयमै पत्र वा इमेल प्राप्त नभएमा यसै सूचनालाई आधारमानी सहभागी भई दिन निमन्त्रणा छ ।

**कार्यक्रम :**

स्थान :- कोहलपुर न.पा., वडा नं. ४, होटेल सेन्ट्रल प्लाजा, बाँके
मिति :- २०८१ साल पुस १० गते बुधबार (२५ डिसेम्बर, २०२४)
समय :- बिहान ठिक १०:०० बजे

## छलफल गर्ने विषयहरु

**(क) सामान्य प्रस्तावहरु**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ साल असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ कोलागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(४) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यकालागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्न, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न, सोको आधारमा सैद्धान्तिक स्वीकृतिकालागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्ने लगायतका कार्यसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नकालागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

**छैठौं वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**

१. छैठौं वार्षिक साधारण सभा प्रयोजनका लागि २०८१ साल पुस ०२ गते एक दिन वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ। २०८१ साल पुस ०१ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन, लाभांश पाउन योग्य हुनेछन् ।

२. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थलमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सो दिन बिहान १० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ति भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनीमध्येबाट नै हुनु पर्नेछ । प्रोक्सी फारम सभा हुनुभन्दा ४८ घण्टा अगावै युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा दर्ता गराउनु पर्नेछ। यस वित्तीय संस्थाको वेभसाइट www.uniquenepalmicrofinance.com.np बाट प्रोक्सी फारम प्राप्त गर्न सकिनेछ । एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रोक्सी दिएमापछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. सभामा भाग लिनकोलागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेर बदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि बिहान ९ः४५ बजेभित्र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर, बाँकेमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ ।

६. लगत किताबमा नावालक वा अशक्त शेयरधनीको संरक्षक भनी नाम उल्लेखित संरक्षकलेमात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठीत संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक दस्तखत हुनु पर्नेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. विविध शीर्षक अन्तर्गत गर्नुपर्ने छलफलका बिषयबारे सभा हुने दिनभन्दा सात दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा लिखित जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरि छलफलमा समावेश गर्न सक्ने भएतापनि पारित हुने प्रस्तावको रुपमा छलफल गरिने छैन ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

११. वार्षिक प्रतिवेदन सम्बन्धी विवरण र साधारण सभा सम्बन्धी अन्य जानकारीकालागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेभसाइटबाट प्राप्त गरी लिन र हेर्न सकिनेछ ।

१२. शान्ति र सुरक्षाका कारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई  व्याग, झोला तथा नावालक लिएर प्रवेश नगरी दिन हुन अनुरोध छ । कसैले ल्याएको भए सभामा खटिएका सुरक्षा कर्मचारीले सुरक्षा जाँच गरेमा आवश्यक सहयोग गरी दिनहुन अनुरोध छ ।

१३. थप जानकारीकोलागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, कोहलपुर, बाँकेमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**

## २. प्रतिनिधि नियुक्ति गर्ने निवेदन

### युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

### केन्द्रीय कार्यालय, कोहलपुर, बाँके

### साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्ति गर्ने निवेदन (प्रोक्सी फारम)

(कम्पनी ऐन, २०६३ को दफा ७१(३) सँग सम्बन्धित)

श्री सञ्चालक समिति,
युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड,
केन्द्रीय कार्यालय, कोहलपुर न.पा. ११, बाँके

**विषय : प्रतिनिधि नियुक्ति गरेको बारे ।**

महाशय,

............................. जिल्ला ......................... न.पा./गा.पा/महा न.पा./उपमहा न.पा. .........., वडा नं. ...................... बस्ने म/हामी ....................................... ले युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयरधनीको हैसियतले सम्बत् २०८१ साल पुस महिना १० गते बुधबारका दिन हुने छैठौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रोतर्फबाट भाग लिन तथा मतदान गर्नकालागि ................ जिल्ला ...................... न.पा./गा.पा./महा न.पा./उपमहा न.पा., वडा नं. ...................... बस्ने त्यस वित्तीय संस्थाका शेयरधनी श्री .............................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित/नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको : | निवेदक : |
|---|---|
| हस्ताक्षरको नमूना दस्तखत : | |
| नाम : ....................... | नाम : ................. |
| शेयर प्रमाण-पत्र/शेयरधनी नं. ................. | ठेगाना : ............... |
| हितग्राही (डिम्याट) खाता नं. ................... | शेयर प्रमाण-पत्र/शेयरधनी नं. ................. |
| मिति : ........................ | हितग्राही (डिम्याट) खाता नं. ................... |
| शेयर कित्ता संख्या ....................... | मिति : |

**द्रष्टव्य** : यो निवेदन साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, कोहलपुर, बाँकेमा पेश गरी सक्नु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फाराम रद्द गरिनेछ ।

..................................................................................................................................

**प्रवेश-पत्र**

शेयरधनीको नाम : .................................... शेयरधनी नं./हितग्राही खाता नं. ...............................
शेयर प्रमाण-पत्र नं. .................... शेयर संख्या : ....................................................................
शेयरधनीको दस्तखत : .........................................................
मिति : २०८१ साल पुस महिना १० गते बुधबारका दिन हुने युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

**द्रव्यस्थ :**

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहोला ।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनी सचिव

# ३. अध्यक्षको स्वागत मन्तव्य

**शेयरधनी महानुभावहरु,**

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट तपाईहरुलाई स्वागत गर्न पाउँदा मलाई अति नै खुशी लागेको छ । हार्दिक स्वागत गर्दछु । साथै अघिल्लो वर्षको पाँचौ वार्षिक साधारणसभा भव्य र सभ्य रुपमा सुसम्पन्न गर्न गराउन मदत गर्नु भएकोमा हार्दिक धन्यवाद छ ।

कोभिड १९ (कोरोना) महामारीको बेलामा राष्ट्रिय स्तरमा सरकारी तवरबाटै बन्दाबन्दी पछिको निरन्तर ओरालो लागेको व्यावसायिक मन्दीका कारण असुली र लगानीमा पनि मन्दी व्याप्त छ । ऋणी सदस्य र ऋण लगानी बढ्नुको सट्टा घटेको अवस्था छ । विगत ३० महिनादेखि लघुवित्त विरुद्ध अराजक गतिविधिमा लागेकाहरुले आफूले लिएको कर्जाको किस्ता नतिर्ने, लघुवित्त संस्थाको कर्मचारी र संस्था विरुद्ध अराजक गतिविधि गर्ने, तालाबन्दी र लुटपात गर्नेजस्ता गैरकानूनी हर्कतले गर्दा कर्जा असुलीमा ठूलो असर परेको छ । जसको कारण कर्जाको भाखा अत्यधिक नाघेको छ, र हरेक महिना करोडको हिसावले कर्जा नोक्सानी व्यवस्था गर्नु परेको छ । २०८१ साल असार मसान्तमा कुल कर्जा नोक्सानी व्यवस्था करिव थप रु. १७ करोड गर्नु परेको अवस्था छ । यसले गर्दा खुद मुनाफामा ठूलो नकारात्मक असर परेको व्यहोरा सबैमा बिदितै छ ।

यस आर्थिक वर्षमा सञ्चालक समितिको बैठक १३ पटक बसेको छ । चार प्रमुख उपसमितिहरु, लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समितिको बैठक पनि चारदेखि छ पटकसम्म बसेको छ ।

वित्तीय संस्थालाई आजको अवस्थासम्म सफलताका साथ ल्याई पुऱ्याउन सहयोग गर्नुहुने युनिक परिवार, संस्थापक र सर्वसाधारण शेयरधनीहरु, सञ्चालकहरु, व्यवस्थापन, कर्मचारी, सेवाग्राही सदस्यहरु, नियामक निकाय र सरोकारवाला सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शेयरधनी महानुभावहरु,

अन्त्यमा, छैठौं वार्षिक भेलामा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**शिव बहादुर चौधरी**
अध्यक्ष,
सञ्चालक समिति

# ४. कार्यकारी निर्देशकको भनाई

लघुवित्त बजारमा बिगत काम गर्दा जुन गौरव, आत्मबल, हौसला र इज्जत थियो, त्यो आधा दशक जति भयो विविध कारणले क्षयीकरण भएको लाग्छ । त्यसको प्रमुख कारणहरु धेरैहदसम्म बाह्य कारण छन् भने केही आन्तरिक कारण पनि छन् । आन्तरिक कारणमा मुलतः लघुवित्त संस्थाहरुबीच अस्वस्थ प्रतिस्पर्धा हुनु, कर्मचारी र ऋणी सदस्य खोसाखोस हुनु, जथाभावी शाखा खोल्नु, केन्द्र गठनको लागि जस्तोपायो त्यस्तोलाई सदस्य बनाउनु, सदस्यको क्षमताभन्दा ठूलो कर्जा दिनु, कर्जा विश्लेषण र सदुपयोगीता प्रभावकारी नहुनु रहेका छन् । वाह्य कारणमा लघुवित्त बजारमा खराब मनसायले राजनीति घुस्नु, गलत वा नक्कली समाचार बनाएर सोसल मेडियामा आउनु, त्यसैको पछि लागेर धेरैले लघुवित्त प्रति नकारात्मक धारणा बनाउनु, सदस्यहरुले आफ्नो आवस्यकता भन्दा बढी बढी कर्जा माग गर्नु, ऋण नदिए सदस्य छोड्ने धम्की दिनु, दशौं वर्ष पुरानो सदस्यता छोड्नु, लघुवित्तको कर्जा नतिर्ने, मिनाहा हुनु पर्ने भनी अराजक गतिविधि बढाउनु, गलत मनसायले कर्जा लिएर भारत वा अन्यत्र बेपत्ता हुनु, सम्पर्कमा आउनासाथ मोबाइल ब्लक गर्नु, कर्जा लिएर दुरुपयोग गर्नु, अर्काकोलागि ऋण झिक्नु, आफ्नो नामबाट कर्जा झिकेर केही लाभको आसमा अरुलाई पुनः कर्जा लगानी गर्नु, जेसुकै कामकोलगि भएपनि लघुवित्तबाट कर्जा लिनु, किस्ता तिर्ने आफ्नो क्षमता भन्दा बढी कर्जा लिनु, ताली पिटेपछि कर्जा पाइहाल्छ भनी कर्जालाई हलुका लिनु, घरजग्गा धितो बन्धक राखेको छैन, त्यस्तो कर्जा नतिरे हुन्छ जस्ता गलत मनसायले ठूलूठूलो कर्जा लिएर अटेरी गर्ने, आदि ।

आफू सुध्रिन धेरै समय लाग्दैन, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाको स्थितिलाई अहिले लघुवित्त संस्थाहरुले आफू र आफ्ना कर्मचारीहरुलाई धेरैहदसम्म सुधारेको पाइन्छ । नियमक निकायले पनि आफ्ना नीति तथा निर्देशनमा धेरै परिमार्जन गरी सकेको अवस्था छ । तर, वाह्य कारणलाई सुधार गर्न भनेजस्तो सरल छैन, मेहनत सबै पक्षबाट सुधार हुन जरुरी छ । वाह्य कारणहरुमा केही सुधार आएको अवस्य छ, त्यो हो धेरै संस्थाको समूहमा सदस्य बनेकाहरु अहिले आएर थोरैमा बस्न थालेका छन्, जथाभावी कर्जा लिने प्रवृत्ति ह्वात्तै घटेको छ, अरुको कामकोलागि कर्जा झिक्नेक्रम घटेको छ, सदस्य जथाभावी बनाउने क्रम रोकिएको छ । तर, लघुवित्त विरुद्ध गलत मनसायले राजनीति घुसेको सुधार भएको छैन, भाखा नाघेका ऋणीले कर्जा राम्ररी तिरी राखेका छैनन, ठूलो कर्जा लिएर सम्पर्कमा नआएकाहरु सम्पर्कमा आउन सकेका छैनन्, सम्पर्कमा ल्याउन सकिएको छैन । लघुवित्त विरुद्धको गतिविधिमा लागेका पक्षसँग नेपाल सरकारले वार्ता गर्‍यो, सम्झौता भयो, सम्झौता भए अनुसार अध्ययन टोली गठन भयो, त्यसले प्रतिवेदन पेश गरी सकेको छ, लघुवित्त संस्था खारेज हुँदैन, कर्जा मिनाहा हुन सक्दैन, यसर्थ कर्जा भुक्तानी गर्ने अवधि थप गर्ने सुझाव आयो । नेपाल राष्ट्र बैंकले पनि लघुवित्त क्षेत्रमा देखिएको समस्या र समाधानकोलागि राष्ट्रिय र अन्तरराष्ट्रिय अभ्यास समेतको अध्ययन गरेर सुझाव पेश गरेको छ, तथापि यस क्षेत्रमा आजको मितिसम्म आई पुग्दा सहज वातावरण बन्न सकेको छैन । व्यावसायिक मन्दीका कारण व्यापार व्यवसाय फस्टाउन सकिराखेको छैन, रकम चलाएमान हुन सकेको अवस्था छैन ।

अरुले के गर्दैछन् भन्दा पनि यस अराजक स्थितिलाई सुधार गर्न हामीले के गर्न सक्छौं भन्ने पक्षमा सञ्चालक समितिले उच्च व्यवस्थापनलाई दिएको निर्देशन अनुसार कार्य योजना र रणनीति बनाई सुधार गर्ने दृढ अठोटका साथ लागेको परिस्थिति छ । जस्तै,

१. खराब कर्जा असुली कार्यमा प्रभावकारिता ल्याउनकोलागि वित्तीय संस्थाको नायव कार्यकारी प्रमुखको संयोजकत्वमा चार सदस्यीय असुली इकाई गठन गरिएको छ ।

२. भाखा नाघेको कर्जा असुली व्यवस्थापन कार्यविधि, २०७७ बनाई लागू गरिएको छ ।

३. कर्जा असुली तथा धितो लिलामी कार्यविधि, २०७७ बनाई लागू गरिएको छ । यसै कार्यविधिमा भाखा नाघेको कर्जा असुलीको थप व्यवस्था गरिएको छ । यसैलाई टेकेर कार्य गरिएको छ ।

४. भाखा नाघेका कर्जा असुलीकोलागि कार्य योजना र विभिन्न रणनीति बनाई लागू गरिएको छ ।

५. केन्द्रीय कार्यालयको सबै विभाग वा विभागीय प्रमुख र अधिकृतहरुलाई ५ देखि ७ वटासम्म शाखाको दैनिक ताकेता गर्ने र असुलीमा जोड दिन उच्च व्यवस्थापनबाट निर्णय गरी विशेष जिम्मेवारी प्रदान गरिएको छ । सोही अनुसार नियमित ताकेता गरी राख्नु भएको छ ।

६. सञ्चालक सदस्य, कार्यकारी निर्देशक, नायव कार्यकारी निर्देशक र विभागीय प्रमुखहरुले लघुवित्त विरुद्ध लागेका व्यक्ति र समूहसँग चरणबद्ध भेटघाट र छलफल गरी सकारात्मक वातावरण बनाउने कार्य गरेको ।

७. भाखा नाघेको कर्जा असुली गर्न बनाइएको रणनीतिहरु यस प्रकार रहेका छन् ।

(क) सम्पूर्ण शाखा तथा कर्मचारीहरुको अलग अलग असुलीको विवरण दैनिक रुपमा गुगल फर्ममा अपलोड गर्न गराउने, र के.का.बाट अद्यावधिक विवरण तयार पारी तुलनात्मक रुपमा अध्ययन विश्लेषण गर्ने र सोही अनुसार फलोअप गर्ने, तथा सल्लाह सुझाव र निर्देशन दिने गरिएको ।

(ख) हरेक महिनामा भाखा नघाउने सदस्यहरुलाई कम्तीमा ५ पटक फलोअप हुने गरी प्रत्येक कर्मचारीले मासिक फलोअप तालिका बनाउन लगाउने, र सोही अनुसार ताकेता गर्ने गरेको, र प्रत्येक शाखामा ताकेता रजिष्टर पनि दैनिक अद्यावधिक गर्ने गरेको ।

(ग) भाखा नाघेको कर्जा असुली गर्ने योजना कर्मचारीगत रुपमा बनाउन लगाउने र सो को कार्यान्वयनकोलागि फलोअप गर्ने गरिएको छ ।

(घ) शाखाको दैनिक प्रगति समीक्षा गर्ने परिपाटी बसालिएको छ । हरेक दिन शाखामा भएको गतिविधि र असुलीमा भए नभएको प्रगति सम्बन्धमा दैनिक साँझ छलफल गर्ने, भोलि असुली गर्ने सदस्य पहिचान गरी माइन्यूट गर्ने, र सो को रिपोर्ट सोही दिन साँझ केन्द्रीय कार्यालयमा पठाउने गरिएको छ । यसको नियमित चेकजाँच नायव कार्यकारी प्रमुखले गर्नेगर्नु हुन्छ ।

(ङ) लघुवित्त विरोधी समूहका अगुवा कार्यकर्ताहरुसँग भेटघाट गरी छलफल गर्ने तथा सहज वातावरण बनाउने लगायतको धेरै कार्यहरु गरिएको छ ।

(च) आन्तरिक कालो सूची बनाई त्यस्ता सदस्यहरुलाई नयाँ कर्जा नदिने ।

(छ) अर्धवार्षिक तथा वार्षिक समीक्षा कार्यक्रममा कर्जाको भाखा नाघ्नुको कारण र असुलीको उपाय सम्बन्धमा समूह छलफल गरी प्राप्त सुझावहरुलाई प्रत्येक शाखामा निर्देशनात्मक रुपमा उपलब्ध गराई सोही अनुसार कार्य गर्न निर्देशन दिइएको ।

८. कर्मचारीहरुलाई प्रोत्साहान भत्ता प्रदान गर्ने नीति अख्तियार गरिएको छ, जस्तै,

(क) ३ वर्षभन्दा पुरानो भाखा नाघेको कर्जा असुलउपर गर्ने कर्मचारीहरुमध्ये शाखा प्रमुखलाई असुल उपर भएको ब्याजको ३ प्रतिशत र सम्बन्धित फिल्ड कर्मचारीलाई असुल उपर भएकै ब्याजको ४ प्रतिशत नगद प्रोत्साहान भत्ता प्रदान गरी उत्प्रेरणा बढाउने गरिएको ।

(ख) असुलीमा सहयोग पुग्ने उद्देश्यले कर्मचारीहरुलाई आन्तरिक तथा वाह्य तालिमहरुमा सहभागी गराई क्षमता अभिवृद्धि गरिएको ।

(ग) एनपीएलमा गएका सदस्यहरुको कोर बैंकिङ्ग सिस्टमबाट नामावली तयार पारी सम्बन्धित फिल्ड कर्मचारीहरुलाई उपलब्ध गराई प्राथमिकताको आधारमा ताकेता र असुल उपर गर्न सहयोग गरेको ।

(घ) कार्य सम्पादन मूल्याङ्कन मापनमा भाखा नाघेको कर्जा असुलीलाई पनि समाविष्ट गरिएको ।

९. ने.रा.बैं.ले जारी गरेको पछिल्लो निर्देशन अनुसार

(क) ऋणी सदस्यको अनुरोधमा कर्जा पुनरतालिकीकरण गरिएको छ ।

(ख) यसरी पुनरतालिकीकरण गर्दा व्याजलाई किस्ता किस्ता गरी भुक्तान गर्ने सुविधा दिइएको छ ।

१०. भाखा नाघेको कर्जा असुलीको कार्य योजना बनाई लागू गरिएको ।

(क) शाखागत र कर्मचारीगत रुपमा प्रति महिना भाखा नाघेको कर्जा असुली गर्ने लक्ष्य दिइएको छ ।

(ख) केन्द्रीय कार्यालयबाट भाखा नाघेका र एनपीएलमा गएका ऋणी सदस्यहरुको लिष्ट शाखा र कर्मचारी अनुसार अलग अलग बनाई उपलब्ध गराइएको छ, र महिना दिने समय दिएर असुल उपर गर्न र ताकेता लगाउने काम गरिएको छ ।

(ग) भाखा नाघेको कर्जा असुली इकाईले पनि कार्य योजना बनाएर काम गरेको ।

११. भाखा नाघेको कर्जा असुलीको कार्यविधि अनुसार गरिएका कार्यहरु ।

(क) कर्जाको किस्ता तिर्न भनी चार चरणको ताकेता पत्र जारी गर्ने गरेको ।

(ख) कर्जा चुक्ता गर्न भनी पत्रिकामा नाम सहितको ३५ दिने सूचना प्रकाशन, र एक प्रति पत्रिका सम्बन्धित सदस्यलाई पत्र सहित उपलब्ध गराउने गरेको ।

(ग) कर्जा सूचना केन्द्रमा कालो सूचीकोलागि नाम सिफारिस र कालो सूचीमा सूचीकरण

(घ) नियमित ताकेता (शाखा प्रमुख, फिल्ड कर्मचारी र के.का.बाट)

(ङ) त्रैमासिक रुपमा के.का.बाट स्थलगत अनुगमन तथा भाखा नाघेको असुलीमा सहयोग ।

माथि उल्लेखित धेरै कार्यहरु गर्दा गर्दै पनि भाखा नाघेको कर्जा असुली कार्यलाई प्रभावकारी बनाउन नसकिएको अवस्था छ । यसर्थ उच्च व्यवस्थापन र कर्जा असुली इकाईले थप रणनीति र कार्य योजना बनाई भाखा नाघेको कर्जा असुलीमा प्राथमिकता दिइने छ ।

चौथो वार्षिक साधारण सभाले दिएको निर्देशन अनुसार यस वित्तीय संस्थालाई राष्ट्रिय स्तरमा रुपान्तरण गर्नकोलागि नेपाल राष्ट्र बैंक नियमन विभागमा मिति २०७९।०८।२६ गते निवेदन पेश गरेका थियौं, सोही अनुसार नेपाल राष्ट्र बैंकका अधिकृत र यस वित्तीय संस्थाको सञ्चालकहरुको संयक्तु बैठक मिति २०७९ साल पुस २५ गते नेपाल राष्ट्र बैंकमा बस्यो, र राष्ट्रिय स्तरको स्वीकृति केही दिनभित्र दिने प्रतिबद्धता प्राप्त भयो । तर, यसै बीच लघुवित्त र सहकारीको बजारमा आन्दोलन शुरु भयो, र राष्ट्रिय स्तरको स्वीकृति हाललाई रोकिएको अवस्था छ ।

यस आर्थिक वर्षमा सञ्चालक समितिको बैठक १३ पटक, व्यवस्थापन टिमको बैठक १८ पटक बसेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरिएको छ । र सबै समितिको बैठक औषत चारदेखि छ पटक बसेको छ ।

समग्रमा यस वित्तीय संस्थालाई सफल, सुदृढ, सक्षम र संगठित रुपमा अगाडि बढाउन, लिइएका लक्ष्य हासिल गर्न अहोरात्र तन, मन, बचन र संकल्पकासाथ लागी पर्ने व्यवस्थापन र सबै कर्मचारी र सेवाग्राही सदस्यहरुलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछु, व्यवस्थापनले तयार पारेको नीति, योजना, कार्यक्रम र बजेट समयमा पारित गरी नीतिगत सहयोग गरेकोमा सञ्चालक समिति र शेयरधनी महानुभावहरुप्रति आभार प्रकट गर्दछु, धन्यवाद ज्ञापन गर्दछु । र सबैको सुन्दर भविष्यको कामना गर्दछु ।

**डा. गोपाल दहित**
कार्यकारी निर्देशक

# ५. सञ्चालक समितिको प्रतिवेदन

## युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

सञ्चालक समितिको प्रतिवेदन, २०८१

आदरणीय शेयरधनी महानुभावहरु,

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको छैटौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई हृदयदेखि हार्दिक स्वागत गर्दछु । र यस वित्तीय संस्थाको छोटकरी विवरण यस प्रकार रहेको छ ।

क. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता : २०७५ साल साउन १८ गते । १८ वर्षको फिगो (फाइनान्सियल इन्टरमेडियटरी नन्गभरमेन्टल अर्गनाइजेशन) बाट “घ” वर्गको लघुवित्त वित्तीय संस्थामा रुपान्तरण)

ख. नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त : २०७५ साल कात्तिक २५ गते

ग. वित्तीय कारोबार शुरुवात : २०७५ साल पुस १ गते

घ. खुद मुनाफाको विवरण

| आ.व. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| २०७५/०७६ | खुद मुनाफा | ४ करोड ४ लाख | ७ महिनाको मात्र |
| २०७६/०७७ | खुद मुनाफा | ४ करोड ८ लाख | कोभिड लकडाउन वर्ष |
| २०७७/०७८ | खुद मुनाफा | ७ करोड ६७ लाख | मर्जरपछि एकीकृत कारोवार वर्ष |
| २०७८/०७९ | खुद मुनाफा | ९ करोड ५७ लाख | आर्थिक मन्दी र नगद अभाव (एनएफआरएस अनुसार) |
| २०७९/०८० | खुद मुनाफा | ३ करोड ९० लाख | लघुवित्त विरुद्धको संघर्षले अत्यधिक प्रभाव पारेको |
| २०८०/०८१ | खुद घाटा | ८ करोड ७४ लाख | लघुवित्त विरुद्धको संघर्षले अत्यधिक प्रभाव पारेको र कर्जाको भाखा नाघेकोले कर्जा नोक्सानी व्यवस्था थप रु. १७ करोड गर्नु परेको । |

ङ. यस वित्तीय संस्था र घोडीघोडा लघुवित्त वित्तीय संस्था मर्जर गरी एकीकृत कारोबार शुरु २०७८ साल पुस ३० गतेदेखि

च. मर्जरपछि अधिकृत पुँजी १० करोडबाट बढेर रु. २० करोड, जारी पुँजी ९ करोडबाट बढेर रु. १४ करोड ८५ लाख ७५ हजार रुपैयाँ, र चुक्ता पुँजी ११ करोड ६ लाख ३२ हजार ५ सय रुपैयाँबाट बढेर १४ करोड ८५ लाख ७५ हजार रुपैयाँ पुगेको छ ।

छ. थप सार्वजनिक शेयर खरीदको लागि २०७९ साल जेठ ११ देखि १७ गतेसम्म दरखास्त खुल्ला गरेको, र २०८० साल जेठ २५ गते शेयर बाँडफाँड गरियो । हाल चुक्ता पुँजी रु. १४ करोड ८५ लाख ७५ हजार रुपैयाँ पुगेको छ । यसमध्ये संस्थापक शेयर रकम ७० प्रतिशत र सर्वसाधारण शेयर रकम ३० प्रतिशत रहेको छ ।

ज. आ.व. २०७५/०७६ देखि २०८०/०८१ असार मसान्तसम्मको जम्मा खुद मुनाफा रु.५ करोड ३९ लाख ७८ हजार पुगेको ।

झ. लगानीमा रही रहेको रकम : रु. ३ अर्व ४८ करोड ५५ लाख ०१ हजार रुपैयाँ रहेको छ ।

ञ. तिर्न बाँकी कर्जा करिव रु. ३५ करोड ५८ लाख ३१ हजार रुपैयाँ रहेको छ ।

ट. सदस्यहरुको बचत संकलन रु. २ अर्व ४८ करोड ३२ लाख २२ हजार रुपैयाँ रहेको छ ।

ठ. सदस्य संख्या : ८४ हजार, ऋणी सदस्य संख्या : ३८ हजार

ड. सञ्चालक समितिको निर्देशन र सुझाव, ब्यवस्थापनको योजना, ताकेता र निर्देशन साथै शाखामा कार्यरत कर्मचारीहरुको अथक मेहनत र निरन्तर प्रयास गर्दागर्दै पनि एनपीएल केही बढेको अवस्था छ ।

ढ. नयाँ योजनाकासाथ प्रमुख सूचकहरुलाई थप उचाई दिन र सुसङ्गठित बनाइदै लान प्रयत्नशील रहनेछौं ।

## २. आर्थिक वर्ष २०७९/०८० को सिंहावलोकन

### (क) पाँचौ वार्षिक साधारण सभा

यस वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा २०८० साल पुस २४ गतेको दिन कोहलपुर, बाँकेमा एक भव्य समारोहका बीच सु-सम्पन्न भयो । उक्त सभा होटल सेन्ट्रल प्लाजाको हलमा भएको थियो, जहाँ यस वित्तीय संस्थाको ६५.७५ प्रतिशत शेयरकित्ताको उपस्थिति हुने गरी ८० जना संस्थापक शेयरधनी र प्रोक्सीको सहभागीता रहेको थियो । कार्यसूचीमा रहेका सबै प्रस्तावहरु सर्वसम्मतिले निर्णय गर्दै सफलतापूर्वक सु-सम्पन्न भएको थियो । वार्षिक साधारण सभाको व्यवस्थापन पक्षलाई राम्रो र प्रभावकारी बनाउन विभिन्न उपसमिति गठन गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरिएको थियो ।

### (ख) थप सार्वजनिक शेयर जारी र बाँडफाँड

आर्थिक वर्ष ०८०।०८१ मा थप सार्वजनिक शेयर जारी तथा बाँडफाँड भएको छैन ।

### (ग) कार्य योजना

वित्तीय क्षेत्रमा देखिएको मौद्रिक तरलता अभाव, ब्यावसायिक मन्दी र लघुवित्त विरुद्धको संघर्ष समितिको कारण वार्षिक लक्ष्य र कार्य योजना अनुसार सफलता हासिल गर्न सकिएको छैन । यो स्थिति अहिले पनि विद्यमान रहेको छ ।

### (घ) सदस्यहरुको अपेक्षा

सेवाग्राही सदस्यहरुको अपेक्षा र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बचतमा ब्याजदर बढाइएको छ । साथै कर्जा सेवामा परिमार्जन गरिएको छ । सेवाग्राही सदस्यहरुको सन्तुष्टि सर्वेक्षणको परिणाम राम्रो रहेको, तर पछिल्लो एक वर्षको अवधिमा संघर्ष समितिको प्रभाव र दबावको कारण असन्तुष्टि बढेको छ । सदस्यहरुसँग कर्मचारीहरुले गर्ने बोली, बचन र व्यवहार राम्रो रहेको छ । र सदस्यहरुको विवरण गोप्य र सुरक्षित राख्ने नीतिले थप विश्वासको वातावरण बढाएको छ ।

### (ङ) पुँजी वृद्धि (असार मसान्त २०८१)

| क्र.सं. | विवरण | जम्मा हाल युनिक नेपाल |
|---|---|---|
| १ | अधिकृत पुँजी | २० करोड |
| २ | जारी पुँजी | १४ करोड ८५ लाख ७५ हजार |
| ३ | चुक्ता पुँजी | १४ करोड ८५ लाख ७५ हजार |
| ४ | पुजी अनुपात | संस्थापक ७० प्रतिशत र सर्वसाधारण ३० प्रतिशत |

**(च) मानव संशाधन तथा तालिम**

कर्मचारीहरुलाई सक्षम, इमान्दार र आफ्नो जिम्मेवारी प्रति प्रतिवद्ध बनाउने कार्य योजना साथ अगाडि बढेको अवस्था छ । यसकालागि नीतिगत व्यवस्था गरी वार्षिक लक्ष्य निर्धारण, क्षमता विकास तालिम र आवश्यकता अनुसार कर्मचारीको सरुवा र पदस्थापन गरिएको छ । कर्मचारीहरुको क्षमता विकास तालिमकोलागि ह्याविटेट नेपालबाट केही आर्थिक तथा प्राविधिक सहयोग पनि जुटाइएको छ । अनियमितता गर्ने कर्मचारीमाथि शून्य सहनशीलताको नीति अनुरुप बिगो असुलउपर गरी कारबाही गरिएको छ ।

हाल २४८ जना कर्मचारी कार्यरत छन् । र आवश्यकता अनुसार थप व्यवस्थापक र फिल्ड सहायक स्तरका प्रशिक्षार्थी कर्मचारीहरुको नियुक्ति गरिएको छ । र आफ्नो आयोजनामा ९ प्रकारको तालिममा जम्मा ३४७ जनालाई तालिम र वाह्य आयोजनाको २१ वटा तालिममा जम्मा ५६ जनालाई विभिन्न प्रकारको क्षमता विकास तालिम प्रदान गरिएको छ ।

**(छ) ग्राहक संरक्षण कोष**

नेपाल राष्ट्र बैंकको “घ” वर्गका वित्तीय संस्थाहरुकोलागि जारी गरेको निर्देशनको दफा नं. ४.१ (ज) बमोजिम ग्राहक संरक्षण कोषको व्यवस्था तपसिल अनुसार रहेको छ ।

| | |
|---|---|
| शुरुको मौजदात रकम रु. (२०८० साउन १) | २,५७५,३३८ |
| यस आ.व. को खुद नाफाको १ प्रतिशत रकम रु. | ० |
| २० प्रतिशत भन्दा बढी लाभांश (नगद र बोनस) रु. | ०.०० |
| यस आ.व. मा व्याज आम्दानी रकम रु. | ६२,७२५ |
| यस आ.व. मा भुक्तानी रकम रु. | २,६८८,५०० |
| जम्मा ग्राहक संरक्षण कोष रु. (२०८१ असार मसान्त) | ० |

यस शीर्षकबाट सदस्यहरुको हितमा खर्च गरिएको छ । जस्तै, दुर्घटना तथा शल्यक्रिया उपचारमा रु. १० लाख १० हजार, प्राकृतिक प्रकोपमा रु. २० हजार, सुत्केरी भत्तामा रु. १६ लाख ५८ हजार ५ सय, नावालक ८२९ जनालाई बाल बचत खाता खोल्न मिलान सहयोग रु.४१४,५००।  खर्च गरिएको छ । यस कोषमा मौज्दात रहेको भन्दा रु.५०,४३७। बढी खर्च भएकोले उक्त रकमलाई समेत ग्राहक संरक्षण कोष शीर्षकमा खर्च लेखी हिसाब मिलान गरिएकोले २०८१ साल असार मसान्तमा यस कोषमा मौज्दात शून्य रहेको छ ।

**(ज) संस्थागत सामाजिक उत्तरदायित्व कोष**

नेपाल राष्ट्र बैंकको “घ” वर्गका वित्तीय संस्थाहरुकोलागि जारी गरेको निर्देशनको दफा नं. ६.१४ बमोजिम सामाजिक उत्तरदायित्व कोषको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| शुरुको मौजदात रकम रु. (२०८० साउन १) | १,३९४,९०० |
| यस आ.व. को खुद नाफाको १ प्रतिशत रकम रु. | ० |
| यस आ.व. को खर्च रकम रु. | ७८८,७३८ |
| कोषको अन्तिम मौज्दात रु. (२०८१ असार मसान्त) | ६०६,१६२ |

(झ) **मुनाफा स्थिति**

| विवरण | रकम रु. |
|---|---|
| आ.व. २०७९।०८० को खुद मुनाफा रु | ३८,५८४,४६६ |
| आ.व. २०८०।०८१ को खुद मुनाफा रु. | (८७,४५७,९१७) |

एनएफआरएस (नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड्स) अनुसार

## ३. राष्ट्रिय परिस्थितिबाट परेको असर

(क) यस आर्थिक वर्षमा पनि लघुवित्त बजार तुलनात्मक रुपमा अस्वस्थ रह्यो । प्रतिस्पर्धी खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरु घटेर ५२ पुगेका छन् । लघुवित्त वित्तीय संस्थाबीचको आन्तरिक प्रतिस्पर्धा कायमै छ । बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा सापत रकम रु. ३६ करोड जति रहेको छ । यस ऋणमा ब्याजदर ८.७० देखि १४.५३ प्रतिशतसम्म रह्यो । र औषत ब्याजदर करिव १०.३२ प्रतिशत रहेको थियो । यस कर्जामा सेवा शुल्क पनि अलग्गै तिरियो । सेवा शुल्क ०.१५ देखि ०.५ प्रतिशतसम्म तिर्नुपर्ने रह्यो ।

(ख) यो आर्थिक वर्षमा लघुवित्त क्षेत्रले सामना गर्नु परेको प्रमुख समस्या लघुवित्त विरुद्धको अराजक गतिविधिका कारण असुलीमा निकै गिरावत, ब्यावसायिक मन्दी र मौद्रिक तरलता रहेका छन् । ब्यावसायिक मन्दीका कारण ऋणी सदस्यहरुको आम्दानीमा गिरावत आयो, र कर्जा असुलीमा ठूलो समस्या परेको छ ।

(ग) विभिन्न नाम र निहु बनाई (लघुवित्त संस्था खारेजी र कर्जा मिनाहा) लघुवित्त विरुद्धको अराजक गतिविधि अहिले अर्को समस्याको रुपमा आएको छ । यसको असरलाई रोकथाम गर्न यस वित्तीय संस्थामा प्रतिकूल असर पर्न नदिनकोलागि रणनीति बनाई कर्मचारीहरुलाई प्रशिक्षण र निर्देशन समेत दिइएको छ । र यस आन्दोलनमा लाग्नेहरुको विवरण तयार पार्ने, र कडा निगरानीमा राख्ने रणनीति अक्तियार गरिएको छ । साथै यस अराजक गतिविधिको विरुद्धमा नेपाल राष्ट्र बैंक र गृह मन्त्रालयले जारी गरेको निर्देशन निकै सहयोगी समेत भएको छ ।

(घ) भाखा नाघेको कर्जा असुलीको वातावरण बनाउन, एनपिएल घटाउन र लघुवित्त विरुद्ध अराजक गतिविधिमा लागेका सदस्यहरुसँग प्रत्यक्ष भेटघाट गरी सहज वातावरण निर्माण गर्न यस वित्तीय संस्थाका सञ्चालकहरु र उच्च व्यवस्थापनले कार्यतालिका बनाई पटक पटक शाखा र सदस्यहरुको घरदैलोमा गई अनुगमन तथा निरीक्षण गरिएको छ । यसबाट वित्तीय सूचकमा केही सुधार देखिएको छ ।

(ङ) भाखा नाघेको ऋणी सदस्य संख्या र ऋण रकम बढेको छ । जसको कारण एनपीएल पनि निकै बढेको अवस्था छ । यो सुधारका योजना, कर्जा लगानी र असुलीमा विशेष ध्यान दिन कार्य योजना बनाई लागू गरिएको छ । किस्ता भुक्तानीलाई सहज बनाउन ईसेवा र खल्ती शुरु गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार इच्छुक केही ऋणी सदस्यहरुको कर्जा नवीकरण र पुनरतालिकीकरण पनि गरिएको छ । कर्मचारीहरुलाई थप प्रशिक्षण र प्राथमिकताको आधारमा भाखा नाघेको कर्जा असुलीको कार्य योजना बनाई असुली र ताकेता गर्न निर्देशित गरिएको छ । सबै शाखा कार्यालयमा एक पटक आन्तरिक लेखा परीक्षण सम्पन्न गरिएको छ, ५ वटा शाखा कार्यालयमा दोहोर्‍याएर लेखा परीक्षण पनि गरिएको छ र केन्द्रीय कार्यालयको ब्यवस्थापन टिमबाट वार्षिक कार्य योजना अनुसार चार पटक शाखाको अनुगमन निरीक्षण गरिएको छ । र देखिएको कैफियत सुधारमा कडाई गरिएको छ ।

## ४. व्यावसायिक सम्बन्ध विस्तार

(क) वित्तीय संस्थाको सम्बन्ध बढाइएको छ । वित्तीय संस्था “घ” वर्गमा रुपान्तरण भएपछि नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यालय, कर्जा सूचना केन्द्र, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक इक्सचेन्ज (नेप्से), सिडीएस एण्ड क्लियरिङ लि. विभिन्न बैंक तथा वित्तीय संस्था लगायतका नियमनकारी निकायहरुसित सम्बन्ध विस्तार भई सुमधुर सम्बन्ध बनेको छ ।

(ख) साझेदार बैंक तथा वित्तीय संस्था १३ वटा छन्, २०८१ साल असार मसान्तसम्मको कर्जा सापटी करिव रु. ३६ करोड रहेको छ । बीमा सेवाकोलागि तीनवटा बीमा कम्पनीसितको साझेदारी रहेको छ, ती हुन्, सिटिजन लाइफ बीमा कम्पनी, राष्ट्रिय बीमा कम्पनी र शिखर बीमा कम्पनी । यसैगरी आई.एम.ई., प्रभु, हिमाल, वेस्टर्न युनियन, सेवा, सिटी एक्सप्रेस, संसारा, नेपाल रेमिट, आईपे र ईसेवा मनी ट्रान्सफर रेमिटसित गरी दशवटा रेमिट कम्पनीसित सम्झौता भई कारोबार बढेको छ । वित्तीय संस्थाको भुक्तानी प्रणालीमा थप सुधार गर्न खल्ती सेवा र ईसेवा प्रा.लि.सँग सम्झौता गरी डिजिटल भुक्तानी सेवा लागू गरिएको छ ।

(ग) यसैगरी सम्बन्धित जिल्लाका कार्यक्षेत्रमा पर्ने सबै स्थानीय तहसित समन्वयात्मक सम्बन्ध विस्तार भएको छ, र सबैमा दर्ता नवीकरण गरिएको छ । छाता संगठन स्वावलम्बन विकास केन्द्र (सिएसडी), नेपाल लघुवित्त बैंकर्स संघ (एनएमबीए) र लघुवित्त संघ नेपाल (मिफान) को सदस्य भएका छौं । सबै छाता संस्थाको कार्यक्रममा नियमित भाग लिने गरिएको छ ।

## ५. आन्तरिक नियन्त्रण प्रणाली (२०८१ साल असार मसान्तसम्म)

**(क) सञ्चालक समिति**

| | | |
|---|---|---|
| १ | श्री शिव बहादुर चौधरी | अध्यक्ष |
| २ | श्री सन्त राम (धरकटुवा) थारु | सदस्य |
| ३ | श्री पुरन प्रसाद चौधरी | सदस्य |
| ४ | श्री बालिका चौधरी | सदस्य |
| ५ | श्री जगत राम थारु (चौधरी) | सदस्य |
| ६ | श्री जागेश्वर प्रसाद चौधरी | सदस्य |
| | **जम्मा बैठक संख्या** | १३ पटक |

**(ख) लेखा परीक्षण समिति**

| | | |
|---|---|---|
| १ | श्री जगत राम थारु (चौधरी), सञ्चालक | संयोजक |
| २ | श्री रमेश चौधरी, आई.टी. विभाग प्रमुख | सदस्य |
| ३ | श्री राजेन्द्र कुमार चौधरी, आ.ले.प. विभाग प्रमुख | सदस्य सचिव |
| | **जम्मा बैठक संख्या** | ५ पटक |

**(ग) जोखिम व्यवस्थापन समिति**

| | | |
|---|---|---|
| १ | श्री सन्त राम (धरकटुवा) थारु, सञ्चालक | संयोजक |
| २ | श्री जगत राम थारु (चौधरी), सञ्चालक एवम् लेखा परीक्षण समितिको संयोजक | पदेन सदस्य |
| ३ | श्री बिनोद कुँवर, आ.ले.प. अधिकृत | सदस्य |
| ४ | श्री मदन चौधरी, कार्य सञ्चालन तथा कर्जा विभाग प्रमुख | सदस्य सचिव |
| | **जम्मा बैठक संख्या** | ४ पटक |

(घ) **कर्मचारी सेवा सुविधा समिति**

| | | |
|---|---|---|
| १ | श्री पुरन प्रसाद चौधरी, सञ्चालक | संयोजक |
| २ | डा. गोपाल दहित, कार्यकारी प्रमुख | पदेन सदस्य |
| ३ | श्री अयोध्या प्रसाद चौधरी, लेखा तथा प्रशासन विभाग प्रमुख | सदस्य |
| ४ | श्री मान बहादुर थारु, एच.आर. तथा तालिम विभाग प्रमुख | सदस्य सचिव |
| | **जम्मा बैठक संख्या** | ६ पटक |

(ङ) **सम्पत्ति शुद्धिकरण अनुगमन समिति**

| | | |
|---|---|---|
| १ | श्री बालिका चौधरी | संयोजक |
| २ | डा. गोपाल दहित | पदेन सदस्य |
| ३ | श्री मान बहादुर थारु, एच.आर. विभाग प्रमुख | सदस्य |
| ४ | श्री राज कुमार पोखेल, नायव कार्यकारी प्रमुख | सदस्य सचिव |
| | **जम्मा बैठक संख्या** | ४ पटक |

(च) **कार्यकारी निर्देशक र व्यवस्थापन**

कार्यकारी निर्देशकको जिम्मेवारीमा डा. गोपाल दहित हुनु हुन्छ । व्यवस्थापनमा नायव कार्यकारी प्रमुख श्री राज कुमार पोखेल हुनु हुन्छ । र विभाग प्रमुखहरु मदन चौधरी, राजेन्द्र कुमार चौधरी, मान बहादुर थारु, नरेन्द्र थारु, अयोध्या प्रसाद चौधरी र रमेश चौधरी रहेका छन् । यसको बैठक जम्मा १८ पटक बसेको छ ।

(छ) **अन्य समितिहरु**

माथिका विभिन्न समितिको साथै विनियमावली र कार्यविधि अनुसार विभिन्न उपसमिति पनि गठन भएका छन् । जस्तै, ग्राहक संरक्षण कोष समिति, संस्थागत सामाजिक उत्तरदायित्व कोष समिति, कर्मचारी पदपूर्ति समिति, खरिद समिति र आर्थिक निर्देशन समिति, आदि रहेका छन् । यी सबै समितिले आआफ्नो जिम्मेवारी अनुसार काम गरी रहेका छन् ।

## ६. लेखा परीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिवेदन

पाँचौ वार्षिक साधारण सभाले नियुक्त गरेको के.जे एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सबाट आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण कार्य सम्पन्न भई सकेको छ। उक्त लेखा परीक्षण प्रतिवेदनको सम्पूर्ण खण्ड यसै वार्षिक प्रतिवेदनमा प्रकाशन गरिएको छ । सबै शेयरधनीहरुलाई यसको प्रतिलिपि पहिले नै इमेलमा पठाई सकिएको व्यहोरा अवगत नै छ ।

## ७. आ.व. २०८०/०८१ मा वित्तीय संस्थाको कारोबार प्रगति विवरण

(क) **कर्जा तथा बचत कारोबार**

| विवरण | लगानीमा रही रहेको कर्जा रु. | बाँकी बचत मौज्दात रु. |
|---|---|---|
| यस आ.व. २०७९/०८० | ३,७७९,८०६,०४५.०० | २,५०८,०७३,१८७ |
| यस आ.व. २०८०/०८१ | ३,४८५,५०१,८६४.०० | २,४८३,२२१,९१५ |
| खुदमा बढेको/घटेको रु. | (२९४,३०४,१८१.००) | (२४,८५१,२७२) |
| कर्जा र बचतको अनुपात | १४०.३६ प्रतिशत | |
| बचत र कर्जाको अनुपात | ७१.२४ प्रतिशत | |

(ख) **व्यवस्थापकीय खर्च र नाफा नोक्सान स्थिति**

| विवरण | रकम रु. |
|---|---|
| आर्थिक वर्ष २०८०/०८१ को कुल आम्दानी रु. | ५८५,२६४,५२३ |
| आर्थिक वर्ष २०८०/०८१ को कुल खर्च रु. | ६७२,७२२,४४० |
| खुद मुनाफा रु. | (८७,४५७,९१७) |

(ग) **मुनाफा बाँडफाँड**

| क्र.सं. | जगेडा कोष र रिजर्भ एण्ड सरप्लस | प्रतिशत | रकम रु. |
|---|---|---|---|
| १ | संस्थागत सामाजिक उत्तरदायित्व कोष | १ | ० |
| २ | साधारण जगेडा कोषमा | २० | ० |
| ३ | ग्राहक संरक्षण कोषमा | १ | ० |
| ४ | कर्मचारी दक्षता अभिवृद्धि कोष | ३ | २१६,१९० |
| | नियमनकारी व्यवस्था समायोजन | | |
| ५ | स्थगन कर जगेडा कोष | | (८५५,६३६) |
| ६ | व्याज मुल्तवी | | (१,५४०,९४४) |
| ७ | एक्चुरियल हिसाव मिलान | | १,४८६,३९३ |
| ८ | पुनरतालिकीकरण आम्दानी फिर्ता रिजर्भ | | ७,८६६,०८२ |
| | **कुल जगेडा बाँडफाँड** | | ७,१७२,०८५ |

(घ) **व्याज दर**

अ) कर्जामा व्याजदर १४ देखि १५ प्रतिशत रहेको छ।

आ) बचतमा व्यादर : ७.५० देखि १३ प्रतिशत रहेको छ।

## ८. कर्मचारी र ग्राहक सन्तुष्टि सर्वेक्षण

(क) यस आर्थिक वर्षमा यस वित्तीय संस्थामा आवद्ध रहनु भएका सेवाग्राही सदस्यहरुको वित्तीय संस्थाको समग्र सेवा सुविधा प्रतिको सन्तुष्टिको अवस्था थाहा पाउन तथा समय सापेक्ष सल्लाह सुझाव प्राप्त गर्न र स्वयं संस्थाको मूल्याङ्कन गर्नकोलागि यस आर्थिक वर्षमा सदस्य सन्तुष्टि सर्वेक्षण सम्पन्न गरियो, जसमा ७,०१५ जना (कुल सदस्यको ८.२५%) सदस्यहरुले भाग लिएका थिए। सर्वेक्षण २०८१ साल बैशाख महिनामा सम्पन्न गरिएको हो।

यस सर्वेक्षणमा सहभागी सदस्यहरुले दिएको प्रतिक्रिया अनुसार युनिक प्रति धेरै सन्तुष्ट र सन्तुष्ट गरी जम्मा सन्तुष्ट ९८.४९ प्रतिशत र असन्तुष्ट, धेरै असन्तुष्ट गरी जम्मा १.५१ प्रतिशत देखिएको छ। प्रतिक्रिया दिएका मध्ये ६,९९८ जना सदस्यमध्ये ३,३१४ जना वा ४७.३५ प्रतिशतले एउटा मात्र लघुवित्त संस्थाको सदस्य रहेको जनाएका छन् भने दुईवटा लघुवित्तमा बसेको सदस्य सख्या २,५३३ जना वा ३६.१९ प्रतिशत रहेको छ। यस सम्बन्धमा बाँकी १६.४६ प्रतिशत सदस्यहरुले यस प्रश्नको जवाफ नदिएको।

त्यसैगरी प्रतिक्रिया दिएका ६,१८९ जनामध्ये एउटा मात्रै लघुवित्त संस्थाबाट कर्जा लिएको ४,८९२ जना वा ७९.०४ प्रतिशत, दुई वटा लघुवित्त संस्थाबाट कर्जा लिएका १०३३ जना अर्थात १६.६९ प्रतिशत, तीन लघुवित्त संस्थाबाट कर्जा लिएको संख्या २०१ जना अर्थात ३.२४ प्रतिशत र चार वा सो भन्दा बढी लघुवित्त संस्थाबाट कर्जा लिएको संख्या ६३ जना अर्थात १.०१ प्रतिशत रहेको छ।

(ख) यस आर्थिक वर्षमा वित्तीय संस्थामा कार्यरत रहेका कर्मचारीहरुहरुको वित्तीय संस्था प्रतिको धारणा तथा सन्तुष्टि मापन गर्न, कमीकमजोरी पत्ता लगाउन तथा कार्यशैली र नीतिगत व्यवस्था सम्बन्धमा सुधारात्मक उपायहरु पहिचान गर्न र राय सल्लाह सुझाव संकलन गर्न यो सर्वेक्षण गरिएको हो । यस अनलाईन सर्वेक्षणमा जम्मा १६७ जना कर्मचारीहरु सहभागी भएका थिए ।

सर्वेक्षण अनुसार कुल सहभागीहरु मध्ये करिब ९१.७१% कर्मचारीहरु वित्तीय संस्थाप्रति सन्तुष्ट रहेको र ८.२९% कर्मचारी केही पक्षहरुमा सन्तुष्ट नरहेको प्राप्त आँकडा अनुसार देखिएको छ । अघिल्लो सर्वेक्षणमा सन्तुष्टिको अवस्था ९३.७०% रहेको थियो ।

## ९. कारोबारलाई असर पार्ने मुख्य कुराहरु

(क) लघुवित्त विरुद्धको अराजक गतिविधिले कर्जाको किस्ता असुलीमा ठूलो नकारात्मक प्रभाव पर्‍यो । यसले कर्मचारीहरुको काम गर्ने मनोबलमा समेत ठूलो नकारात्मक असर पर्‍यो ।

(ख) लघुवित्त विरुद्धको गतिविधि र एक संस्था एक सदस्य कर्जा नीतिले लगानी ह्वात्तै घट्यो ।

(ग) कर्जाको किस्ता नतिर्ने, तर बचत बलजफती फिर्ता माग्न आउनेक्रम बढ्यो, निकै मेहनत गरी यसलाई व्यवस्थापन गरियो ।

(घ) अराजक गतिविधिमा प्रत्यक्ष लाग्ने २,०५३ जना र त्यसको लहै लहैमा लाग्ने ९०० जना देखियो । यसको कारण रु. ६९ करोड रकम अहिले पनि जोखिममा रहेको अवस्था छ ।

## १०. अन्य गतिविधि

(क) एसएमएस सेवामा वृद्धि भएको छ । अहिले कुल सदस्यको ९५.७२ प्रतिशतले एसएमएस सेवा पाई राखेका छन् । यस सेवाबाट कर्मचारीहरुले गर्न सक्ने नगद हिनामिनामा रोकथाम भएको छ । अर्कोतर्फ सेवाग्राही सदस्यहरुले आफ्नो कारोबारको सूचना तुरुन्तै पाउने भएका छन् ।

(ख) केन्द्र प्रमुख अन्तरक्रिया : सुझाव संकलन गर्ने प्रमुख प्रत्यक्ष माध्यम । यो अन्तरक्रिया प्रायः चैत र बैशाख महिनामा गर्ने प्रचलन हो । यस वर्षमा सम्पूर्ण ४१ वटै शाखा कार्यालयमा सम्पन्न गरियो ।

(ग) सेवाग्राही सदस्यको माग अनुसार १२ वटा सीप विकास तालिम प्रदान गरिएको छ । तालिमबाट ३८४ जना महिला प्रत्यक्ष लाभान्वीत भएका छन् ।

(घ) सेवाग्राही सदस्यका १३२ जना छोराछोरीलाई जनही रु. २,०००। का दरले रु. २६४,०००। छात्रवृत्ति रकम वितरण गरिएको छ । साथै मापदण्डमा पुगेका ५८ जना कर्मचारीका ५८ जना छोराछोरीलाई जनही रु. ६,०००। का दरले रु. ३४८,०००। छात्रवृत्ति प्रदान गरिएको छ ।

(ङ) ४१ वटा शाखामा केन्द्र प्रमुख अन्तरक्रिया गरी सोही अवसरमा प्रथम हुने केन्द्र ४१, दोश्रो हुने ४१, तेश्रो हुने ४१, उत्कृष्ठ उद्यमी ७७ जना, उत्कृष्ठ बचत कर्ता ४१ जना र उत्कृष्ठ केन्द्र प्रमुख ४१ जनालाई पुरस्कार तथा सम्मान गरिएको छ । कुलमा १४४ केन्द्रका ३०३ जना सदस्यहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरियो ।

## ११. आन्तरिक लेखा परीक्षण

नियमित लेखा परीक्षण गर्नकोलागि आन्तरिक लेखापरीक्षण विभागको व्यवस्था छ । जसमा दुईजना अधिकृत

र दुई जना सहायक गरी चारजना कार्यरत हुनु हुन्छ। यस आर्थिक वर्षमा एक पटक सबै शाखामा आन्तरिक लेखा परीक्षण गर्न सकियो। ५ वटा शाखामा दोश्रो पटक पनि आन्तरिक लेखा परीक्षण गर्न सकियो।

## १२. चालू आर्थिक वर्षको उपलब्धी, योजना र पूर्वानुमान

(क) पहिलो त्रैमास साउन, भादौं, असोज र कात्तिकको खूद मुनाफा ज्यादै न्यून रहेको छ।

(ख) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको व्याजदर बढीमा १५ प्रतिशत कायम गरिएको छ। र सञ्चालक समितिको निर्णय अनुसार मूल्य लागत समायोजनकोलागि सेवाग्राहीको बचतमा व्याजदर ७.५० प्रतिशतदेखि १३ प्रतिशत कायम गरिएको छ। सेवा शुल्क १.३ प्रतिशत कायम गरिएको छ।

(ग) पेन्सन बचतमा १३ प्रतिशत र केन्द्र अनुशासन कोषको व्याजदर पुरानै ७.५० प्रतिशत कायम गरिएको छ।

(घ) सेवाग्राही सदस्यहरुको माग अनुसार कर्जाको सिमा र भुक्तानी अवधि परिमार्जन गरिएको छ। भुक्तानी अवधि १ वर्षदेखि ५ वर्षसम्म कायम गरिएको छ।

(ङ) कर्जा लगानी रु. ८९ करोड बढाउने र करिव रु. ५३ करोड थप बचत संकलन गर्ने लक्ष्य रहेको छ।

(च) आगामी आर्थिक वर्षमा नयाँ २ वटा शाखा विस्तार गर्ने योजना रहेको छ।

## १३. लेखा परीक्षकको नियुक्ति

लेखा परीक्षणकोलागि आर्थिक वर्ष २०८१/०८२ कोलागि ........ एण्ड एशोशियट्स चार्टर्ड एकाउन्टेन्ट्स लाई नियुक्तिको प्रस्ताव पेश गरिनेछ।

अन्तमा,

यस वित्तीय संस्थालाई विभिन्न माध्यमबाट सहयोग, समर्थन र सुझाव उपलब्ध गराउनु हुने सम्पूर्ण शेयरधनी, केन्द्र तथा समूहमा आवद्ध सेवाग्राही महिला तथा पुरुष सदस्यहरु, सबै तहका कर्मचारीहरु, नेपाल सरकारका सम्बन्धित निकायहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, कर्जा सूचना केन्द्र, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडीएस एण्ड क्लियरिङ लि., मुक्तिनाथ क्यापिटल, केयर रेटिङ नेपाल, छाता संगठन एनएमबीए, सिएसडी, मिफान, कर्जा उपलब्ध गराउने साझेदार बैंक तथा वित्तीय संस्था, वाह्य लेखा परीक्षक, पत्रकार तथा सम्पूर्ण शुभेच्छुकहरुमा सञ्चालक समितिकोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रमुख प्रवर्द्धक तथा संस्थापक माउ संस्था युनिक नेपाल र प्रमुख संस्थापक संस्थागत शेयरधनीद्वय कुमारी बैंक (साविक एनसीसी बैंक) तथा प्रभु बैंकलाई विशेष धन्यवाद छ। साथै आगामी दिनमा पनि महत्वपूर्ण सहयोग तथा सुझावको अपेक्षा राख्दछु।

धन्यवाद।

सञ्चालक समितिकोतर्फबाट
शिव बहादुर चौधरी
अध्यक्ष
२०८१ साल पुस १० गते, बुधबार

# ६. कम्पनी ऐन, २०६३ को दफा ५१ बमोजिमको विवरण

**युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. को**
**कम्पनी ऐन २०६३ को दफा ५१ बमोजिमको विवरण**

**(क) कम्पनीको अधिकृत पुँजी र शेयर संख्या :**

कम्पनीको अधिकृत पुँजी रु.२०,००,००,०००/ (अक्षरेपि बीस करोड रुपैयाँ मात्र) रहेको छ । यसलाई प्रति शेयर अंकीत मूल्य रु. १००/ का दरले २०,००,००० (बीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ख) कम्पनीको जारी शेयर पुँजी :**

यस कम्पनीको जारी पुँजी रु. १४,८५,७५,०००/ (अक्षरेपि चौध करोड पचासी लाख पचहत्तर हजार रुपैयाँ मात्र) रहेको छ । यसलाई प्रति शेयर मूल्य रु. १००/ का दरले १४,८५,७५० (चौध लाख पचासी हजार सात सय पचास) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग) कम्पनीको चुक्ता पुँजी :**

यस कम्पनीको तत्काल चुक्ता पुँजी रु. १४,८५,७५,०००/ (अक्षरेपि चौध करोड पचासी लाख पचहत्तर हजार रुपैयाँ मात्र) रहेको छ ।

**(घ) शेयरपिच्छे माग भएको रकम :**

यस कम्पनीको प्रति शेयर मूल्य रु. १००/ का दरले साधारण शेयरमा विभाजन गरिएको छ । हालसम्म शेयरधनीबाट प्रति शेयर रु. १००/ का दरले हुने रकम चुक्ता भुक्तान भएको छ ।

**(ङ) किस्ता असुल भएको जम्मा रकम :**

यस कम्पनीको किस्ता असुल भएको जम्मा रकम रु. १४,८५,७५,०००/ (अक्षरेपि चौध करोड पचासी लाख पचहत्तर हजार रुपैयाँ मात्र) रहेको छ ।

**(च) असुल हुन बाँकी रहेको जम्मा रकम :**

छैन ।

**(छ) शेयर वा डिबेञ्चरमा दलाली दस्तुर वापत दिएको जम्मा रकम :**

हालसम्म कुनै दलाली दस्तुर वापत दिइएको छैन ।

**(ज) कुनै शेयर जफत गरिएकोमा त्यस्तो शेयर जम्मा संख्या, जफत भएको कारण र मिति :**

छैन ।

**(झ) बैंक वा वित्तीय संस्था वा अन्य व्यक्तिबाट लिएको ऋण वा कम्पनीले दिएको जमानत :**

२०८१ साल असार मसान्तसम्म १३ वटा बैंक तथा वित्तीय संस्थाबाट रु. ३५ करोड ५८ लाख ३० हजार ९९६ रुपैयाँ मात्र कर्जा लिइएको छ ।

**(झ१) अन्य कम्पनीको शेयर वा डिबेन्चरमा लगानी गरेको भए त्यस्तो कम्पनीको नाम र दर्ता नम्बर तथा शेयर वा डिबेन्चरमा गरेको लगानी रकम रु.**

छैन ।

(ञ) **बहालवाला सञ्चालकको नाम र ठेगाना : २०८१ साल असार**

| क्र.सं. | नाम थर | पद | ठेकाना |
|---|---|---|---|
| १ | श्री शिव बहादुर चौधरी | अध्यक्ष | ललितपुर उपमहानगरपालिका, वडा नं. १ गुसिंगल |
| २ | श्री सन्त राम (धरकटुवा) थारु | सदस्य | गुलरिया न.पा. ५, बर्दिया |
| ३ | श्री पुरन प्रसाद चौधरी | सदस्य | कैलारी गा.पा. वडा नं. ५, कैलाली |
| ४ | श्री जगत राम थारु (चौधरी) | सदस्य | राजापुर न.पा. ६, मौहुवा, बर्दिया |
| ५ | श्री बालिका चौधरी | सदस्य | गुलरिया न.पा १, गाउँ न. १५, बर्दिया |
| ६ | श्री जागेश्वर प्रसाद चौधरी | सदस्य | कोहलपुर न.पा. ३ मैतहवा, बाँके |

# ७. कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण

## युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

आर्थिक वर्ष २०८०/०८१

कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरण

**(क) बाँडफाँड भएको शेयरको संख्या,**

कूल बाँडफाँड भएको शेयर संख्या चौध लाख पचासी हजार सात सय पचास रहेको छ । र प्रति शेयर अंकीत मूल्य रु. १००। रहेको छ ।

**(ख) बाँडफाँड भएको शेयरमध्ये चुक्ता भएको र नभएको शेयरको संख्या :**

- चुक्ता भएको शेयर कित्ता संख्या - १४,८५,७५०
- चुक्ता नभएको शेयरको कित्ता संख्या - शून्य

**(ग) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, लेखापरीक्षक, कार्यकारी प्रमुख, प्रबन्धकको विवरण र निजहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम (२०८१ असार मसान्तसम्म)**

| क्र.सं. | नाम, थर | पद | बैठक भत्ता | पारिश्रमिक तथा सुविधा | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | श्री शिव बहादुर चौधरी | अध्यक्ष | ३६,०००.०० | ० | ३६,०००.०० |
| २ | श्री सन्त राम (धरकटुवा) थारु | सञ्चालक | ३६,०००.०० | ० | ३६,०००.०० |
| ३ | श्री पुरन प्रसाद चौधरी | सञ्चालक | ३६,०००.०० | ० | ३६,०००.०० |
| ४ | श्री जागेश्वर प्रसाद चौधरी | सञ्चालक | २१,०००.०० | ० | २१,०००.०० |
| ५ | श्री जगत राम थारु (चौधरी) | सञ्चालक | ३६,०००.०० | ० | ३६,०००.०० |
| ६ | श्री बालिका चौधरी | सर्वसाधारण सञ्चालक | ३६,०००.०० | ० | ३६,०००.०० |
| ७ | श्री डा. गोपाल दहित | कार्यकारी निर्देशक | ० | २,८८८,९९७ | २,८८८,९९७ |
| ८ | श्री राज कुमार पोखेल | नायव कार्यकारी प्रमुख | | १,११७,४०० | १,११७,४०० |
| ९ | श्री मान बहादुर थारु | प्रबन्धक | | ८८१,२११ | ८८१,२११ |
| १० | श्री मदन चौधरी | प्रबन्धक | | ८७३,२६९ | ८७३,२६९ |
| ११ | श्री राजेन्द्र कुमार चौधरी | प्रबन्धक | | ८७८,६१८ | ८७८,६१८ |
| १३ | के.जे. एण्ड एसोसिएट्स चार्टड एकाउटेन्ट (वार्षिक लेखापरीक्षण) | लेखा परीक्षक | | ३००,००० | ३००,००० |
| | | **कूल जम्मा रु.** | २०१,०००.०० | ६,९३९,४९५ | ७,१४०,४९५ |

**(घ) कम्पनीको चुक्ता पुँजीको पाँच प्रतिशत वा सोभन्दा बढी शेयर खरिद गरी लिने व्यक्ति वा संगठित संस्थाको नाम र निजहरुको नाममा रहेको शेयर वा डिबेञ्चरको विवरण,**

| नाम | शेयर संख्या | प्रतिशत |
|---|---|---|
| ॐ युनिक नेपाल, बर्दिया | ३,९५,००० | २६.५९% |
| प्रभु बैंक लिमिटेड | १,५८,००० | १०.६३% |
| कुमारी बैंक लिमिटेड (साविक एनसीसी बैंक) | १,०८,००० | ७.२७% |
| **जम्मा** | ६,६१,००० | ४४.४९% |
| **कुल चुक्ता शेयर संख्या** | १४,८५,७५० | |
| **कुल जारी शेयर संख्या** | १४,८५,७५० | |

ॐ मिति २०८१ साल असोजमा भएको खरिद विक्रीको कारोबार गरी हाल युनिक नेपालको कायम रहेको शेयर संख्या ३७१,४३५ शेयर कित्ता रहेको छ । जुन कुल चुक्ता पुंजीको २४.९९९ प्रतिशत हुन्छ ।

(ङ) **शेयर बिक्रीबाट प्राप्त भएको जम्मा रकम र सम्बन्धित आर्थिक वर्षमा कम्पनीले खरिद गरेको तथा जारी गरेको नयाँ शेयर तथा डिबेञ्चरको विवरण।**

छैन ।

